# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 28.04.2025**

---

***प्रथममा यस बुनेटीनका प्रमुख समाचार-***

- ***भारतले फ्रान्सका साथ 26 राफाल मरीन लड़ाकू विमानको खरीदका लागि रक्षा सौदामा हस्काक्षर गरेका छन् ।***
- ***राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित नागरिक सम्मान समारोहमा पद्म पुरस्कारहरू प्रदान गर्नुभएकोछ ।***
- ***जम्मू कश्मीर विधानसभाले आज पहलगाम आतंकी हमलाको कड़ा निन्दाको प्रस्ताव पारित गरेकोछ, मुख्यमन्त्री उमर अब्दुल्लाहले कश्मीरले आतंकवादको थालनी भए देखि पहिलो पटक, आतंकवाद विरूद्ध विद्रोह गरेको भन्नुभएकोछ ।***
- ***भारतले पहलगाम आतंकी हमलाको संद्धर्भमा गलत सूचना फैलाएकोमा 16 पाकिस्तानी युट्यूब चैनलहरू माथि प्रकिबन्ध लगाएकोछ ।***
- ***आई पि एल क्रिकेटमा, जयपुरको सवाई मानसिंह स्टेडियममा*** Rajasthan Royals ***को भीडन्त,*** Gujarat Titans ***सित भई रहेकोछ ।***

---

***भारत- फ्रान्स राफाल***

भारतले आज फ्रान्ससित 26 राफाल मेरीन लड़ाका विमानहरू खरीद गर्न, एउटा रक्षा समझौतामा हस्ताक्षर गरेकोछ । रक्षा मन्त्रालय र फ्रान्स सरकारको अधिकारीहरूको उपस्थितीमा नयाँ दिल्लीमा यसमा हस्ताक्षर गरियो । राफाल मेरीन विमानहरू शामेल भएपछी भारतीय नौसेनाको ताकत कई गुणा बढ़नेछ । आई एन एस विक्रमादित्य र आई एन एस विक्रान्त जस्ता विमान वाहकपोटहरूमा यी लड़ाका विमानहरूलाई तैनाछ गरिनेछ । राफाल विकसित हथियार प्रणाली तथा क्षेपयास्त्र युक्त हुनेछ ।

---

***कलकत्ता उच्च***

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगालमा प्राथमिक शिक्षक भर्ती घोटालाको आगामी सुनवाई अदालतमा भर्तीसित संबधित अहिले सम्म 50 भन्दा बढ़ि याचिकाहरू दर्ता भई सकेकाछन् ।

न्यायाधीश तपब्रत चक्रवती र न्यायाधीश ऋच्तव्रत कुमार मित्राको खण्डपीव्ले मामिलाको सुनवाई गर्नेछ।

---

***पाकिस्तानी यूट्यूब चैनल प्रतिबन्ध***

भारतले पहलगाम आतंकी हमलाको संद्धर्भमा गलत सूचना फैलाउनका लागि Dawn News, Samaa TV, Ary न्यूज र Geo न्यूज लगायत 16 पाकिस्तानी यूट्यूब चैनलहरू माथि प्रतिबन्ध लगाएकोछ । सेना र सुरक्षा एजेन्सीहरूका विरूद्ध भड़काऊ र साम्प्रदायिक तवरमा सम्वेदनशील सामग्री, मिथ्या र भ्रामक ब्यान फैलाउनका लागि यो प्रतिबन्ध लगाइएको हो । यी चैनलहरूका 6 करोढ़, तीस लाख भन्दा बढ़ि दर्शकहरू छन् ।

सरकारले यस संबधमा बि बि सि को रिपोर्टिंगबारे पनि आपत्ति जनाउँदै बि बि सि प्रमुखलाई देशको भावनाहरूसित अवगत गराएकोछ ।

---

***कैनेडा चुनाव***

कैनेडामा आज निर्णायक चुनाव हुन गई रहेकोछ । अमेरीकी शुल्क र राष्ट्रपति ट्रम्पद्वारा दिइएका विलयका धमकीहरूले चुनावी जोशमा कमी आएकोछ ।

Newfound land र Labrador मा चुनाव भारतीय समपानुसार साँझ 6 बजे देखि शुरू भएको छ र ब्रिटिश कोलम्बियामा भोलि बिहान साढ़े आठ बजे समाप्त हुनेछ । 70 लाख भन्दा बढ़ि कैनेडियाली नागरिकहरूले पहिले नै भोट दिईसकेका छन् ।

---

***IPL***

आई पी एल टि-20 क्रिकेटमा जयपुरको सवाई मानसिंह स्टेडियममा Rajasthan Royals को Gujarat Titans का साथ भीड़न्त भई रहेकोछ ।

---

***एशियाली योगासन चैम्पियनशीप***

भारतले हिजो दिल्लीमा आयोजित दोस्रो एशियाली योगासन खेल चैम्पियनशीपमा ऐतिहासिक जीत दर्ता गरयो । 83 स्वर्ण, तीन रजत र एक काँस्य पदकका साथ जम्मा 87 पदकहरू जीतेर भारत, शीर्ष स्थानमा रहेकोछ । मंगोलिया, ओमान र नेपाल, शीर्ष पाँचमा शामेल थिए । यस आयोजनमा, 21 देशका एथलीटहरूले भाग लिए ।

---

***जम्मू- कश्मीर विधानसभा***

जम्मू- कश्मीरले आज पहलगाम आतंकी हमलाको कड़ा निन्दाको प्रस्ताव पारित गरेकोछ । प्रस्तावमा हमलालाई जधन्य, अमानवीय र कायरतापूर्ण कृत्य बताइएकोछ । सदनले सर्वसम्मत्तिले यसालाई पारित गरयो ।

आतंकी हमलाका पीडितहरूका साथ एकजुट्टा ब्यक्त गर्दै उनका परिवारहरू प्रति सम्वेदना पनि जनाइयो । सदनले पर्यटकहरूलाई बचाउनका लागि आफ्नो प्राणको आहुति दिने सैयद आदिल हुसैनको बहादुरीको प्रशन्सा समेट गरयो ।

---

***प्रधानमन्त्री राजनाथ मुलाकात***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज रक्षा मन्त्री राजनाथ सिंहका साथ नयाँ दिल्लीमा बैठक गर्नुभयो । झण्डै 40 मिनिट सम्म जारी यो बैठक, आतंकी हमला र त्यसपछीको स्थितिसित संबधित थियो ।

प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहानले हिजो श्री राजनाथ सिंहसित उहाँको आवासमा भेट गर्नुभएको थियो ।

---

***कश्मीर- उमर अब्दुल्लाह***

जम्मू- कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाहले भन्नुभएकोछ, कश्मीरले आतंकवादको शुरूआत भए देखि पहिलो पटक पहलगाम हमला पछी आतंकवाद विरूद्ध विद्रोह गरेकोछ ।

आज जम्मू कश्मीर विधानसभाको विशेष सत्रमा उहाँले सम्पूर्ण क्षेत्रमा शोक र निन्दाको अभिव्यक्तिबारे भएको बोल्दै यसले आतंकवादको अंत्यको थालनीलाई दर्शाउन्छ, भन्नुभयो। मुख्यमन्त्रीले आतंकी हमलामा मारिएकाहरूलाई बचाउन न सकेकोमा हार्दिक खेद पनि प्रगत गर्नुभयो।

---

***कोर्ट- तहत्वुर राणा***

वर्ष 2008 को मुम्बई आतंकी हमलाका षड्यन्त्रकर्ता तहत्वुर हुसैन राणालाई आज नयाँ दिल्लीमा राष्ट्रीय अन्वेषण अभिकरण एन टि ए को विशेष अदालतमा पेश गरियो। अभिकरणले राणाको 12 दिनको अतिरिक्त हिरासत, मागेकोछ। पटियाला हाउस कोर्टले आदेश सुरक्षित राखेकोछ।

राणालाई चार अप्रैलका दिन अमेरीका देखि भारत प्रत्यर्पित गरिएको थियो। 2008 को मुम्बई आतंकी हमलामा 166 मानिसहरू मारिएका थिए।

---

***वेव्स- मुरूगन***

एक देखि 4 मई सम्म हुनेभएको विश्व दृश्य- श्रत्य तथा मनोरंजन शिखर सम्मेलन- वेव्स को माध्यमबाट भारत वैश्विक रचनात्मकताको केन्द्रमाछ।

सूचना प्रसारण राज्य मन्त्री एल मुरूगनले एउटा लेखमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा वेव्स एक परिवर्तनकारी आन्दोलन रहेको, भन्नुभएकोछ। यसले मीडिया र मनोरंडन परिदृश्यलाई पुन परिभाषित गर्नेछ।

---

***पद्म पुरस्कार***

राष्ट्रपति द्रौपदी मुर्मुले अहिले राष्ट्रपति भवनमा आयोजित नागरिक सम्मान समारोहमा पद्म पुरस्कारहरू प्रदान गर्नुभयो।

देशका सर्वोच्च नागरिक सम्मानहरूमा शामेल पद्म पुरस्कार तीन श्रेणीहरू पद्म विभूषण पद्म भूषण र पद्मश्री प्रदान गरिन्छ।

कला समाज सेवा जनहित कार्य विज्ञान र अभियांत्रिकी, ब्यापार तथा उद्योग, चिकित्सा साहित्य र शिक्षा, खेलकुद अनि लोकसेवा लगायत विभिन्न क्षेत्रहरूमा यो सम्मान दिइन्छ।

यो वर्ष गणतन्त्र दिवसको पूर्व संध्यामा सरकारले 139 पद्म पुरस्कारहरूको घोषणा गरिएको थियो। यसमा सात पद्म विभूषण, 19 पद्म भूषण र 113 पद्मश्री पुरस्कारहरू छन्।

सिक्किमबाट लोक गायक नरेन गुरूङले पद्मश्री पुरस्कार प्रदान गरियो।

---

***अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट***

- ***भारतले फ्रान्सका साथ 26 राफाल मरीन लड़ाकू विमानको खरीदका लागि रक्षा सौदामा हस्काक्षर गरेका छन्।***
- ***राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित नागरिक सम्मान समारोहमा पद्म पुरस्कारहरू प्रदान गर्नुभएकोछ।***

- *जम्मू कश्मीर विधानसभाले आज पहलगाम आतंकी हमलाको कड़ा निन्दाको प्रस्ताव पारित गरेकोछ, मुख्यमन्त्री उमर अब्दुल्लाहले कश्मीरले आतंकवादको थालनी भए देखि पहिलो पटक, आतंकवाद विरूद्ध विद्रोह गरेको भन्नुभएकोछ ।*
- *भारतले पहलगाम आतंकी हमलाको संद्धर्भमा गलत सूचना फैलाएकोमा 16 पाकिस्तानी युट्यूब चैनलहरू माथि प्रकिबन्ध लगाएकोछ ।*
- *आई पि एल क्रिकेटमा, जयपुरको सवाई मानसिंह स्टेडियममा Rajasthan Royals को भीडन्त, Gujarat Titans सित भई रहेकोछ ।*

---